# नेपालको संविधानमा

## खाद्य अधिकार तथा आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँड

नेपालको इतिहासमा पहिलो पटक जनताद्वारा निर्वाचित प्रतिनिधिहरूमार्फत् जनमुखी संविधान निर्माण गर्ने कार्य भइरहेको छ । नयाँ संविधानमा आफ्ना अधिकारहरू सुनिश्चित गर्न विभिन्न जात-जाती, धर्म, भाषा, संस्कृति, सम्प्रदाय, लिङ्ग, आदिका मानिस, वर्ग र तिनलाई प्रतिनिधित्व गर्ने संघ-संस्थाहरू लागि परिरहेका छन् । यसक्रममा सबैको ध्यान र प्रयास नयाँ संविधानमा आफ्ना सरोकारका विषयलाई कसरी सम्बोधन गरिनुपर्छ भन्ने मुद्दामा केन्द्रित छन् । तीमध्ये दुई महत्वपूर्ण मुद्दा हुन्ः खाद्य अधिकार र आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँड ।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को मौलिक अधिकारअन्तर्गत धारा १८ को रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकमा "प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुत्ताको हक हुनेछ" भनी उल्लेख गरिएको छ । त्यस्तै अन्तरिम संविधानको भाग ४ को धारा ३५ अन्तर्गत राज्यका नीतिहरूमा "राज्यले...वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ" भनी उल्लेख गरिएको छ ।

यी दुवै प्रावधानहरू नेपालको सन्दर्भमा महत्वपूर्ण छन् । तर अन्तरिम संविधानमा यी प्रावधानहरू स्पष्ट र प्राविधिक रूपमा पूर्ण नभएकाले आवश्यक छलफल र परिमार्जन अपरिहार्य छ । त्यसैले नयाँ संविधानमा यी प्रावधानहरूलाई कसरी स्पष्ट र प्रभावकारी बनाउन सकिन्छ भनी यो बहसपत्रको खण्ड १ मा खाद्य अधिकार र खण्ड २ मा आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँड सम्बन्धमा चर्चा र विवेचना गरिएको छ ।



LI-BIRD

# खण्ड १ खाद्य अधिकार

## खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ता

संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद्ले खाद्य अधिकारलाई प्रत्येक व्यक्तिले आवश्यक पोषकतत्वयुक्त, हानीकारकतत्वरहित, सांस्कृतिक रूपले स्वीकार्य र गुणात्मक तथा मात्रात्मक हिसाबले पर्याप्त खानेकुरा प्राप्त गर्नुपर्ने अधिकारको रूपमा परिभाषित गरेको छ । साथै परिषद्ले यस्तो खानेकुरा दिगो रूपमा उपलब्ध हुनुपर्ने कुरामा पनि जोड दिएको छ । उक्त परिभाषाका अनुसार प्रत्येक व्यक्तिले खाद्य अधिकार प्राप्त गरेको तब मात्र मानिन्छ जब उसले जुनसुकै अवस्थामा पनि भौतिक वा आर्थिक रूपले पर्याप्त खाना प्राप्त गर्दछ ।

वास्तवमा कुनै पनि व्यक्तिको आधारभूत मानव अधिकार सुनिश्चित गर्न खाद्य अधिकारको प्रत्याभूति हुन आवश्यक छ र खाद्य अधिकारको प्रत्याभूति गर्नु राज्यको जिम्मेवारी हो । सो जिम्मेवारी बहन गर्ने सवालमा राज्यले तीन दायित्व (बक्स १) पुरा गर्नुका साथै आवश्यक संरचनाको निर्माण गर्नुपर्ने हुन्छ । विश्वव्यापी रूपमा प्रचलित यस्ता संरचना विशेषगरी दुई प्रकारका छन्: खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ता । यी संरचनाहरूमा केही समानता भए पनि यी दुवैका फरक अवधारणा र मान्यताहरू पनि छन् (बक्स २) ।

खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ताबीचको मुख्य समानता भनेको यी दुवैले व्यक्तिको खाद्य अधिकारलाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गर्दछन् र प्रत्येक व्यक्तिको खाद्य अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र प्रत्याभूत गर्ने मुख्य दायित्व राज्यको हो भन्ने कुरा स्वीकार गर्दछन् ।

विभिन्न अन्तर्राष्ट्रिय दस्तावेज एवम् विश्व खाद्य तथा कृषि संगठनजस्ता अन्तर्राष्ट्रिय संस्थाका नीतिले खाद्य सुरक्षाको स्पष्ट परिभाषा दिँदै यसको सुनिश्चितता तथा प्राप्तिमा जोड दिएका छन् । अर्कोतिर हालका वर्षहरूमा कृषक र कृषक अधिकारसम्बन्धी कतिपय अन्तर्राष्ट्रिय संगठन र सामाजिक आन्दोलनका साथै केही मुलुकहरूको जोड भने खाद्य सम्प्रभुत्तामा रहेको पाइन्छ । खाद्य सम्प्रभुत्ता खाद्य सुरक्षाभन्दा पछि विकसित संरचना हो र यसले:

- राष्ट्रिय रूपमा खाद्यान्नमा आत्मनिर्भर हुनुपर्ने कुरामा जोड दिन्छ ।
- उत्पादन प्रणालीमा कृषक एवम् स्थानीय उत्पादकको नियन्त्रण हुनुपर्ने कुरामा जोड दिँदै कृषि उत्पादन प्रणालीमा बहुराष्ट्रिय कम्पनीको नियन्त्रण हुन नहुनेतर्फ जोड दिन्छ ।
- राष्ट्रिय कृषि नीति तर्जुमा गर्ने सम्बन्धित राष्ट्रको सार्वभौम अधिकारलाई स्वीकार गर्दै राष्ट्रिय कृषि नीति तर्जुमा गर्दा अन्तर्राष्ट्रिय संस्थाहरूको दबाब एवम् नियन्त्रणको विरोध गर्दछ ।
- अन्तर्राष्ट्रिय व्यापारले स्थानीय कृषि प्रणाली र कृषक अधिकारमा पार्ने नकारात्मक प्रभावप्रति विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिन्छ ।
- कृषि अनुसन्धान र कृषिको विकासमा स्थानीय परम्परागत ज्ञान, सीप एवम् प्रविधि र वैज्ञानिक पद्धतिबीचको समन्वयमा जोड दिन्छ ।

**बक्स १: खाद्य अधिकार सुनिश्चितताका लागि राज्यका दायित्वहरू**

| दायित्व १<br>खाद्य अधिकारको सम्मान गर्ने | दायित्व २<br>खाद्य अधिकारको संरक्षण गर्ने | दायित्व ३<br>खाद्य पदार्थ उपलब्ध गराउने |
|---|---|---|
| कुनै पनि नागरिकले आफ्नो खाद्य अधिकारको उपयोग निर्वाध रूपमा गर्न पाएको अवस्थामा राज्यले सो अधिकारको सम्मान गर्नुपर्दछ । | खाद्य अधिकारको निर्वाध उपयोगमा आफ्नो नागरिकलाई तेश्रो पक्षबाट हस्तक्षेप हुने अवस्था भए राज्यले सो अधिकारको संरक्षण गर्नुपर्दछ । | खाद्य अधिकारको सम्मान र संरक्षणमात्रले नागरिकको खाद्य अधिकारको प्रत्याभूति नहुने अवस्थामा राज्यले खाद्य पदार्थ उपलब्ध गराउने दायित्व पुरा गर्नुपर्दछ । |

## अन्तर्राष्ट्रिय दस्तावेजमा खाद्य अधिकार

विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूले खाद्य अधिकार संरक्षणको लागि गरेका व्यवस्थाहरूबाट यसको महत्व स्पष्ट हुन्छ । केही अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्यक्ष रूपमा खाद्य अधिकार सुनिश्चित हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ भने केहीले अप्रत्यक्ष रूपमा खाद्य अधिकारलाई स्वीकार गरेको पाइन्छ ।

### मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५(१) मा प्रत्येक व्यक्तिलाई आफू र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरूलगायत

**बक्स २: खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ताको अवधारणा**

**खाद्य सुरक्षा**

- खाद्य सुरक्षा सन् १९७० को दशकमा देखिएको विश्व खाद्य संकटपश्चात् विकसित अवधारणा हो ।
- शुरूमा यो अवधारणाको विकास हुँदा यसको परिभाषाले खाद्यपदार्थको आपूर्तिलाई मात्र समेटेको थियो तर समयक्रमसँगै यसको परिभाषाले व्यापकता पाउँदै गएको छ ।
- खाद्य सुरक्षाले प्रत्येक व्यक्तिलाई जुनसुकै अवस्थामा सधैँभरी उपयुक्त र पर्याप्त खाना उपलब्ध हुन सक्ने अवस्थालाई जनाउँदछ, जसअन्तर्गत खाद्य पदार्थको उपलब्धता, खाद्य पदार्थमाथिको पहुँच, खाद्य पदार्थको उचित प्रयोग, र खाद्य पदार्थको उपलब्धता, पहुँच र उपयोगमा उत्पन्न हुन सक्ने जोखिमताबाट सुरक्षा गरी चार पक्षहरू पर्दछन् ।

**खाद्य सम्प्रभुत्ता**

- खाद्य सुरक्षा जस्तै खाद्य सम्प्रभुत्ता पनि खाद्य अधिकार सुनिश्चित गर्ने एउटा संरचना भए पनि खाद्य सम्प्रभुत्ताले खाद्य अधिकार सुनिश्चित गर्न खाद्य पदार्थमा आत्मनिर्भर हुने राष्ट्रिय कृषि प्रणाली आवश्यक छ भन्ने विषयलाई समेट्दछ ।
- खाद्य सम्प्रभुत्ताले राष्ट्रको खाद्यान्न उत्पादन, वितरण तथा नियमन समेतमा व्यक्ति, समुदाय र सोही राष्ट्रको अधिकारलाई सुनिश्चित गर्दछ ।
- खाद्य सम्प्रभुत्ता विश्वव्यापीकरण र नवउदारवादी अर्थनीतिसँगै विकासोन्मुख एवम् अल्पविकसित देशको कृषि प्रणालीमाथि सीमित बहुराष्ट्रिय कम्पनीको नियन्त्रण बढ्दै गएको सन्दर्भमा विकास भएको अवधारणा हो ।
- विकासोन्मुख एवम् अल्पविकसित देशमा कस्तो प्रकारको कृषि प्रणाली आवश्यक छ भनी नीतिगत निर्णय गर्ने कार्यमा विकसित देश तथा अन्तर्राष्ट्रिय संस्थाहरूको प्रभाव बढ्दै गएको सन्दर्भमा नवउदारवादी खुला बजार अर्थतन्त्रबाट निर्देशित कृषि नीतिको विकल्पमा खाद्य सम्प्रभुत्तालाई राजनीतिक अवधारणाको रूपमा अगाडि सारिएको हो ।

पर्याप्त जीवनस्तर प्राप्त गर्ने अधिकार छ भनी उल्लेख गरिएको छ । साथै बेरोजगारी, बिरामी, अशक्तता, विधवा, बुढेसकालजस्ता अवस्थामा वा आफ्नो नियन्त्रण बाहिरको परिस्थितिमा सुरक्षा पाउने अधिकार छ ।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६

यस अनुबन्धको धारा ११ अनुसारः

- अनुबन्धका पक्ष राष्ट्रले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, कपडा तथा आवास प्राप्त गर्ने अधिकारका साथै आफू र आफ्नो परिवारको जीवनस्तर तथा जीवनावस्थाको निरन्तर सुधार हुनुपर्ने अधिकारलाई स्वीकार गर्दछन् । यस प्रयोजनका लागि पक्ष राष्ट्रहरूले स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।
- भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै अनुबन्धका पक्ष राष्ट्रले निम्न कुराहरूका लागि अन्तर्राष्ट्रिय सहयोगमार्फत् आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्नेछन्ः
  - प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गर्ने तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीको विकास र सुधार गरी खाद्यान्नको उत्पादन, संचय तथा वितरणको तरिकामा सुधार गर्ने ।
  - खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने दुवै देशका समस्याहरूलाई ध्यान दिँदै आवश्यकताअनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

त्यसैगरी अनुबन्धको धारा २ मा पक्ष राष्ट्रहरूलेः

- आफैं वा अन्तर्राष्ट्रिय रूपमा प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगमार्फत् उपलब्ध स्रोतहरूको अधिकतम उपयोग गर्दै मूलतः कानुनी माध्यमद्वारा यस अनुबन्धमा स्वीकृत अधिकारहरू प्रगतिशील रूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदम चाल्ने अठोट गरेका छन् ।
- जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव नगरी अनुबन्धमा उल्लेखित अधिकारहरू सबैले समान किसिमबाट उपयोग गर्न पाउने प्रत्याभूति गर्ने अठोट गरेका छन् ।


www.socialistnepal.org

### बाल अधिकारसम्बन्धी महासन्धि १९८९

यस महासन्धिको धारा २४ ले महासन्धिका पक्ष राष्ट्रले वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरूलाई ध्यानमा राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र रही अन्य कुराको अतिरिक्त सहज रूपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध खानेपानीको व्यवस्थाद्वारा रोग र कुपोषण विरूद्ध लड्नका निम्ति उपयुक्त उपायहरू अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

### भोक तथा कुपोषण अन्त्यका सम्बन्धमा विश्वव्यापी घोषणापत्र १९७४

यस घोषणापत्रको धारा १ ले हरेक पुरूष, महिला तथा बालबालिकाको पूर्ण विकास सुनिश्चित गर्न एवम् तिनको शारीरिक र मानसिक अवस्था तन्दुरूस्त राख्न उनीहरूमा भोक तथा कुपोषणबाट मुक्तिको अहरणीय अधिकार हुनेछ भनी उल्लेख गरेको छ ।

## राष्ट्रिय दस्तावेजमा खाद्य अधिकार

नेपालको अन्तरिम संविधान २०६३ ले बाहेक कुनै पनि अन्य नीति, नियम तथा कानुनले नागरिकको खाद्य अधिकारलाई प्रत्यक्ष रूपमा उल्लेख गरेको छैन । अन्तरिम संविधान २०६३ को धारा १८(३) ले "प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुत्ताको हक हुनेछ" भनी खाद्य

### बक्स ३ः खाद्य अधिकारलाई भावी संविधानमा मौलिक अधिकारकै रूपमा राख्नुपर्ने कारणहरू

- नेपाल सन् १९९० देखि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको पक्षराष्ट्र भएकोले उक्त अनुबन्धमा स्वीकार गरिएका अधिकारहरू प्रगतिशील रूपमा प्राप्त गर्दै जानका लागि नेपालले अन्य व्यवस्थाहरूका अतिरिक्त विशेष व्यवस्थापकीय उपायहरू अपनाउनुपर्ने हुन्छ । यसरी स्वीकार गरिएका अधिकारहरूमध्ये एउटा महत्वपूर्ण अधिकार खाद्य अधिकार हो ।
- संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनले राष्ट्रियस्तरमा खाद्य सुरक्षा सुनिश्चित गर्नका लागि अपनाउन सकिने उपायहरूका सम्बन्धमा एउटा स्वेच्छिक निर्देशिका तयार पारेको छ । उक्त निर्देशिकाले सकेसम्म खाद्य अधिकारलाई संविधानद्वारा नै सुनिश्चित गराउन सुझाव दिएको छ । यसर्थ नेपालले पनि नयाँ संविधानमा खाद्य अधिकारलाई प्रभावकारी उपचारको व्यवस्था सहित मौलिक हकको रूपमा सुनिश्चित गर्नु उपयुक्त देखिन्छ ।
- विश्वका २१ भन्दा बढी राष्ट्रहरूले खाद्य अधिकारलाई संविधानमा शुरूमा निर्देशक सिद्धान्तको रूपमा व्यवस्था गरे पनि सर्वोच्च अदालतहरूले संविधानको व्याख्या गर्दा खाद्य अधिकारलाई बाँच्न पाउने अधिकारसँग जोडेर मौलिक हकको रूपमा व्याख्या गर्ने गरेका छन् । जस्तैः भारतको सर्वोच्च अदालतले खाद्य सुरक्षालाई मौलिक अधिकारको रूपमा व्याख्या गर्दै विभिन्न समयमा गरेका निर्णयहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ । तसर्थ नयाँ संविधानमा पनि खाद्य अधिकारलाई मौलिक हक अन्तर्गत राख्नु उपयुक्त देखिन्छ ।
- संसारका सबैजसो संविधानहरूले नागरिकको बाँच्न पाउने अधिकारलाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरी मौलिक हक अन्तर्गत संरक्षण गरेको पाइन्छ । खाद्य अधिकारको सुनिश्चितता बिना बाँच्न पाउने अधिकार समेत कुण्ठित हुने हुनाले संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगले पनि भोकले मानिसको आत्मसम्मानमा चोट पुऱ्याउँदछ भन्दै सन् १९९८ मा खाद्य अधिकार स्थापित हुनुपर्ने कुरामा जोड दिएको छ । त्यसैले पनि नेपालको भावी संविधानमा खाद्य अधिकारलाई मौलिक हकअन्तर्गत सुनिश्चित गर्नुपर्दछ ।

अधिकारलाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । सो संविधान बमोजिम प्रत्येक नेपाली नागरिकको खाद्य सम्प्रभुत्ता सुनिश्चित गर्न कानुनी व्यवस्था हुन आवश्यक भए पनि हालसम्म न त कानुनी रूपमा खाद्य सम्प्रभुत्तालाई परिभाषित गरिएको छ, न खाद्य सम्प्रभुत्ताको हक सुनिश्चित हुने गरी कुनै नीति तथा कानुन निर्माण गरिएको छ ।

अन्तरिम संविधानले नै खाद्य सम्प्रभुत्तालाई मौलिक हकको रूपमा स्थापित गरेको सन्दर्भ उल्लेख गर्दै नेपालको तिनवर्षे अन्तरिम योजना (२००८-२०१०) ले खाद्य सुरक्षालाई मानव अधिकार सुनिश्चित गर्न आवश्यक एक आधारभूत अङ्को रूपमा लिएको छ । तर अन्तरिम संविधानले खाद्य सम्प्रभुत्तालाई मौलिक अधिकारको रूपमा व्यवस्था गरेको भएपनि अन्तरिम योजनाले भने खाद्य सम्प्रभुत्ताको सट्टा खाद्य सुरक्षा हासिल गर्ने लक्ष्य तय गरेको छ । अन्तरिम योजनाले खाद्य सुरक्षाका चार पक्षमा जोड दिएको छः खाद्य पदार्थको उपलब्धता, खाद्य पदार्थ माथिको पहुँच, खाद्य पदार्थको उचित प्रयोग, र खाद्य पदार्थको स्थिरता (अर्थात् खाद्य पदार्थको उपलब्धता, पहुँच र उपयोगमा उत्पन्न हुन सक्ने जोखिमताबाट सुरक्षा) ।

त्यसैगरी, अन्तरिम योजनाले खाद्य सुरक्षाको लक्ष्य हासिल गर्न निम्न उद्देश्यहरू तय गरेको छः

- आधारभूत खाद्य वस्तुहरूमा देशको आत्मनिर्भरता बढाउने,
- पोषणको स्थिति सुधार गर्ने,
- बजारमा उपलब्ध हुने र परिवारमा उपभोग हुने खाद्य वस्तुहरूको गुणस्तर एवम् स्वच्छता अभिवृद्धि गर्ने,
- संकटजन्य अवस्था (अनिकाल, खडेरी, बाढी, पहिरो, आगजनी, आदि) बाट उत्पन्न हुने खाद्य असुरक्षाको व्यवस्थापन गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने, र
- खाद्य असुरक्षाको जोखिममा रहेका समूहको खाद्यान्नमा पहुँच बढाउने ।

नेपालको अन्तरिम योजनाले खाद्य सम्प्रभुत्ताको सट्टा खाद्य सुरक्षाको नीति अवलम्बन गर्नुका पछाडि सैद्धान्तिक पक्ष महत्वपूर्ण देखिन्छ । अन्तरिम योजनाले बजार अर्थतन्त्रलाई स्वीकार गरेको र बजार अर्थतन्त्रका मान्यता र खाद्य सम्प्रभुत्ताका मान्यता आपसमा मेल नखाने भएकाले अन्तरिम योजनाले अन्तरिम संविधानको प्रावधानभन्दा फरक खाद्य सुरक्षाको नीति अवलम्बन गरेको अनुमान गर्न सकिन्छ ।

## नेपालको नयाँ संविधानमा खाद्य अधिकार

नेपालको अन्तरिम संविधान २०६३ ले खाद्य सम्प्रभुत्तालाई मौलिक हकको रूपमा स्वीकार गरिसकेको अवस्था छ । अन्तरिम संविधानले व्यवस्था गरिसकेको विषयलाई नयाँ संविधानले बेवास्ता गर्नु उचित हुँदैन । तर खाद्य सम्प्रभुत्ता आफैंमा एउटा जटिल संरचना भएकोले नेपालको आर्थिक, सामाजिक तथा राजनैतिक मान्यताका कारणले प्रत्येक नागरिकको खाद्य सम्प्रभुत्ताको हकलाई मौलिक अधिकारकै रूपमा व्यवस्था गर्दा यसको पूर्ण कार्यान्वयनमा नीतिगत र प्रशासनिक जटिलताहरू उत्पन्न हुन सक्छन् । यस परिप्रेक्ष्यमा नेपालको नयाँ संविधानमा निम्न व्यवस्था गर्नु आवश्यक छ ।

- प्रत्येक नेपाली नागरिकलाई सम्मानपूर्वक बाँच्न र अन्य मानव अधिकारको उपयोग गर्न समेत आवश्यक खाद्य अधिकारलाई प्रभावकारी उपचारको व्यवस्थासहित मौलिक अधिकारको रूपमा राख्ने र निम्न व्यवस्था गर्नेः
  - प्रत्येक नागरिकलाई भोकमरी विरूद्धको हक हुनेछ ।
  - प्रत्येक नागरिकलाई खाद्य अधिकारको हक हुनेछ ।
- त्यस्तै खाद्य सम्प्रभुत्ताको सम्बन्धमा राज्यको निर्देशक सिद्धान्त एवम् नीतिहरूअर्न्तगत निम्न व्यवस्था गर्नेः


LI-BIRD

  - राज्यले खाद्य सम्प्रभुत्ताको माध्यमबाट कृषक अधिकार संरक्षण गर्दै खाद्य अधिकारको प्रत्याभूति गर्ने नीति अवलम्बन गर्नेछ ।
  - खाद्य अधिकार र कृषि प्रणालीसम्बन्धी निर्णय गर्ने निकाय र निर्णय प्रक्रियामा कृषक र उपभोक्ताको संस्थागत प्रतिनिधित्व सुनिश्चित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

# खण्ड २ पहुँच र लाभको बाँडफाँड

"आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँड" र "खाद्य सुरक्षा" अन्तरसम्बन्धित विषय हुन् । बीउ कृषिको अत्यावश्यक आधार हो र कृषि खाद्य सुरक्षाको निम्ति पहिलो आवश्यकता । बीउ आफैंमा आनुवंशिक स्रोत हो र बीउका विभिन्न जात विकास गर्न पनि आनुवंशिक स्रोतकै आवश्यकता पर्दछ । आनुवंशिक स्रोतमा पहुँच प्राप्त गरेपछि तिनको प्रयोगबाट प्राप्त हुने लाभको बाँडफाँड गर्नुपर्दछ ।

आनुवंशिक स्रोतका धनी विशेषगरी विकासोन्मुख राष्ट्रहरू रहेका र त्यस्ता स्रोतको माग बढी मात्रामा विकसित राष्ट्रहरूले गर्ने हुँदा विकसित देशहरू र ती देशहरूमा आधारित बहुराष्ट्रिय कम्पनीहरूको मुख्य चासो विकासशील देशहरूमा रहेको आनुवंशिक स्रोतमा कसरी सहज पहुँच स्थापित गर्ने भन्ने रहेको छ । अर्कोतिर विकासशील देशहरूको मुख्य चासो भने कसरी आफ्ना देशहरूमा उपलब्ध आनुवंशिक स्रोतमाथिको राज्यको सार्वभौम अधिकारका साथै सम्बन्धित समुदायहरूको अधिकारहरूलाई स्थापित गर्ने भन्ने मुद्दामा रहेको छ । यसक्रममा आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँड सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा केही कानुनहरू स्थापित गरिएका छन् ।

यस विषयको संवेदनशीलता र महत्तालाई मध्यनजर गरी नेपालले पनि राष्ट्रियस्तरमा आवश्यक संवैधानिक व्यवस्था र कानुनहरूको कार्यान्वयन गर्न जरूरी छ ।

## अन्तर्राष्ट्रिय कानुनमा पहुँच र लाभको बाडँफाडँसम्बन्धी व्यवस्था

अन्तर्राष्ट्रिय स्तरमा आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँडसम्बन्धी व्यवस्था गर्न सन् १९९२ मा जैविक विविधता महासन्धि (Convention on Biological Diversity - CBD) नामक एउटा महत्वपूर्ण अन्तर्राष्ट्रिय कानुनी दस्तावेज पारित गरिएको छ । यो महासन्धि तर्जुमा गर्ने क्रममै जैविक विविधता माथिको स्वामित्व एवम् अधिकारका सम्बन्धमा विकसित र विकासशील राष्ट्रहरूका बीच फरक-फरक र परस्परविरोधी धारणाहरू आएका थिए ।

विकसित देशहरूले जैविक विविधतालाई मानव जातिको साझा सम्पत्तिको रूपमा लिँदै त्यस्ता विविधता माथिको पहुँच निःशुल्क, सहज र सरल हुनुपर्ने मान्यता लिएका थिए भने विकासशील देशहरूले राष्ट्रमा उपलब्ध हुने जैविक स्रोतमाथि सोही राष्ट्रको सार्वभौम अधिकार हुने र लाभको बाँडफाँडलगायत सम्बन्धित समुदायहरूको अन्य अधिकारहरूको संरक्षण गरिनुपर्ने मान्यता लिएका थिए ।

जैविक विविधता महासन्धिले जैविक विविधतालाई मानव जातिको साझा चासोको विषयको रूपमा स्वीकार गर्दै जैविक विविधतामाथि सम्बन्धित देशको सार्वभौम अधिकार हुने र सम्बन्धित देशको सहमति लिएर मात्र तेस्रो पक्ष राष्ट्रले जैविक विविधतामा पहुँच प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी महासन्धिले आपसी समझदारीका आधारमा तय गरिएका शर्तको अधिनमा रहेर आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँड गर्नुपर्ने व्यवस्था समेत गरेको छ ।

## राष्ट्रिय दस्तावेजमा पहुँच र लाभको बाँडफाँडसम्बन्धी व्यवस्था

नेपाल जैविक विविधता महासन्धिको पक्ष राष्ट्र हो । त्यसैले नेपालले पनि आनुवंशिक स्रोतमाथिको पहुँच र लाभको बाँडफाँडको विषयलाई राष्ट्रिय कानुनको संरचनाभित्र ल्याई महासन्धिको अन्य पक्ष राष्ट्रका लागि पहुँचलाई सहज बनाउने र त्यस्तो पहुँचबाट प्राप्त हुने लाभको बाँडफाँडबाट देशको आर्थिक विकासलाई अघि बढाउने उद्देश्य लिएको छ । सोही क्रममा नेपाल सरकारले आनुवंशिक स्रोतमा पहुँच तथा लाभको बाँडफाँडसम्बन्धी कानुनी व्यवस्था गर्न एउटा विधेयक पनि तयार पारेको छ, जुन हालसम्म कार्यान्वयनमा ल्याउन सकिएको छैन । यस विधेयकका मुख्य उद्देश्यहरू निम्नानुसार छन्:

- नेपालको आनुवंशिक स्रोतको उपयोगसम्बन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने,
- त्यस्ता स्रोत र ज्ञानमा पहुँच, उपयोग तथा निर्यातबाट सिर्जित लाभको समन्यायिक वितरण गर्ने, र
- त्यस्ता स्रोत र ज्ञानको संरक्षण गर्दै आएका आदिवासी, जनजाति लगायतका स्थानीय समुदायको हकहितको संरक्षण गर्ने ।

यस विधेयकले नेपालको आनुवंशिक स्रोतमा नेपाल राज्यको सार्वभौम अधिकार रहने व्यवस्था गरेको छ । साथै नेपालभित्र रहेको आनुवंशिक स्रोतको स्वामित्वको सम्बन्धमा यस विधेयकले देहाय बमोजिमको व्यवस्था गरेको छ:

- कुनै व्यक्ति वा संस्थाको स्वामित्व वा उपभोगमा रहेको घर, जग्गा, वन तथा जलस्रोतमा रहेका आनुवंशिक स्रोतको हकमा सम्बन्धित व्यक्ति वा संस्थामा स्वामित्व रहने,
- एक भन्दा बढी व्यक्ति वा संस्थाको स्वामित्व वा उपभोगमा रहेको घर, जग्गा, वन तथा जलस्रोतमा रहेका आनुवंशिक स्रोतको हकमा स्थानीय समुदायमा स्वामित्व रहने,



LI-BIRD

### बक्स ४: आनुवंशिक स्रोतमा पहुँच तथा लाभको बाँडफाँडसम्बन्धी विधेयकमा लाभको बाँडफाँडसम्बन्धी व्यवस्था

नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालयको पहलमा तयार गरिएको आनुवंशिक स्रोतमा पहुँच तथा लाभको बाँडफाँडसम्बन्धी विधेयकले आनुवंशिक स्रोतको धनी र स्रोतको उपयोगकर्ताबीच गरिनुपर्ने लाभको बाँडफाँड ती दुई पक्षबीचको सम्झौता बमोजिम हुने व्यवस्था गरेको छ । त्यस्तो सम्झौता बमोजिम प्राप्त हुन आएको लाभमध्ये मौद्रिक लाभको बाँडफाँड तथा वितरण भने देहाय बमोजिम हुने व्यवस्था सो विधेयकले गरेको छः

- नेपाल सरकार स्रोतको धनी भएमा नेपाल सरकारलाई ५० प्रतिशत, राष्ट्रिय आनुवंशिक स्रोत संरक्षण परिषद्लाई ३० प्रतिशत र स्थानीय समुदाय, व्यक्ति वा संस्थालाई २०/२० प्रतिशत ।
- स्थानीय समुदाय, व्यक्ति वा संस्था धनी भएमा स्थानीय समुदाय, व्यक्ति वा संस्थालाई ५१ प्रतिशत, परिषद्लाई २९ प्रतिशत र नेपाल सरकारलाई २० प्रतिशत ।

यसरी बाँडफाँडको क्रममा स्रोतको धनीले पाउने लाभमध्येबाट १० प्रतिशत रकम सम्बन्धित स्थानीय निकायले प्राप्त गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी स्थानीय समुदायले प्राप्त गर्ने लाभ त्यस्तो स्थानीय समुदाय आबद्ध भएको स्थानीय निकायमार्फत् बाँडफाँड गरिने व्यवस्था विधेयकले गरेको छ ।

- खण्ड १ र २ मा उल्लेख भएदेखि बाहेकका आनुवंशिक स्रोतको हकमा नेपाल सरकारमा स्वामित्व रहने ।

त्यस्तै यस विधेयकले परम्परागत ज्ञानको संरक्षण र प्रबर्द्धनका सम्बन्धमा निम्न व्यवस्थाहरू गरेको छः

- समुदायको परम्परागत ज्ञानको हक सम्बन्धित समुदायमा निहित रहने छ ।
- कुनै व्यक्ति, संस्था वा नेपाल सरकारको स्वामित्वमा रहेको आनुवंशिक स्रोतको संरक्षण र उपयोग गर्ने परम्परागत ज्ञान कुनै समुदायमा आधारित रहेको अवस्थामा त्यसको पहुँच, उपयोग र लाभको बाँडफाँडमा त्यस्ता समुदायलाई प्राथमिकता दिइनेछ ।

आनुवंशिक स्रोतमा पहुँच तथा आनुवंशिक स्रोतको उपयोग र लाभको बाँडफाँडसम्बन्धी विधेयकका अतिरिक्त बिरूवाको जात संरक्षण र कृषक अधिकारसम्बन्धी प्रस्तावित विधेयक २०६५ ले पनि कृषक अधिकारअन्तर्गत खाद्य तथा कृषिजन्य आनुवंशिक स्रोतको हकमा पहुँच र लाभको बाँडफाँडका सम्बन्धमा व्यवस्था गरेको छ । यस विधेयकअनुसार बिरूवाको नयाँ जातको प्रजनकले सो जात विकास गर्न कृषकको जात वा परम्परागत ज्ञान वा दुवैको उपयोग गरेको भए सो जात र सो जातको बीउको जैविक र व्यापारिक उपयोगबाट सिर्जित लाभमा समन्यायिक रूपमा हिस्सेदार बन्न पाउने कृषकको अधिकार हुनेछ ।

त्यसैगरी यस विधेयकले प्रजनकले सो जात विकास गर्नु पूर्व सरकार र कृषकसँग सहमति नलिएको र लाभको बाँडफाँडको सम्झौता नगरेको वा सो जात उपर बौद्धिक सम्पत्ति अधिकार लिने क्रममा सही स्रोत स्थल, समुदाय र मूल जात नखुलाएको ठहर भएमा क्षतिपूर्ति पाउने वा सो जातमा स्वामित्व दाबी वा खारेज गर्न पाउने अधिकार कृषकको हुनेछ भन्ने व्यवस्था गरेको छ ।

कृषि जैविक विविधता नीति २०६५ ले पनि कृषिजन्य आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँड सम्बन्धमा केही महत्वपूर्ण व्यवस्था गरेको छ । यस नीतिले खाद्य र कृषिजन्य आनुवंशिक स्रोत, पदार्थ तथा स्थानीय ज्ञान, सीप आदिको संरक्षण, उपयोग र त्यसबाट सिर्जना हुने लाभको स्वच्छ एवम् समन्यायिक बाँडफाँड गरी वर्तमान र भावी पुस्ताको खाद्य सुरक्षा र गरिबी न्यूनीकरण गर्ने परिकल्पना गरेको छ ।

## नयाँ संविधानमा पहुँच र लाभको बाँडफाँडसम्बन्धी व्यवस्था

नेपालको अन्तरिम संविधान २०६३ ले भाग ४ को राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूअर्न्तगत धारा ३५ मा वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभको समन्यायिक बाडँफाँडको व्यवस्था गर्ने नीति अवलम्बन गरेको छ । तर सो नीति स्पष्ट र प्राविधिक रूपमा पूर्ण छैन, जस्तैः आनुवंशिक स्रोतको सम्बन्धमा गरिनुपर्ने पहुँच र लाभको बाँडफाँडसम्बन्धी व्यवस्थालाई जटिल बनाइएको छ ।

त्यस्तै सो नीतिले समेटिनुपर्ने अन्य अहम पक्षहरूमा ध्यान दिएको छैन, जस्तैः आनुवंशिक स्रोतको सम्बन्धमा गरिनुपर्ने पहुँच र लाभको बाँडफाँडसम्बन्धी निर्णय प्रक्रियामा सम्बन्धित समुदायको संस्थागत प्रतिनिधित्व गरिनुपर्ने पक्षमा ध्यान दिएको छैन । त्यसैले नेपालको भावी संविधानमा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँडसम्बन्धमा निम्नानुसारको स्पष्ट कानुनी व्यवस्था गर्न आवश्यक छः

- राज्यले आदिवासी, जनजातिलगायतका स्थानीय समुदायको आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञान, सीप एवम् प्रविधिको संरक्षण तथा उपयोग गर्ने र त्यस्तो उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्ने नीति अवलम्बन गर्नेछ ।
- राज्यले आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञान, सीप एवम् प्रविधिको संरक्षण, उपयोग र लाभको बाँडफाँडसम्बन्धी निर्णय प्रक्रियामा सम्बन्धित आदिवासी, जनजातिलगायतका स्थानीय समुदायको संस्थागत प्रतिनिधित्व सुनिश्चित गर्ने नीति लिनेछ ।

### बक्स ५ः आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँडलाई भावी संविधानमा राख्नुपर्ने कारणहरू

- नेपालमा जैविक विविधता, जैविक प्रविधि, आनुवंशिक स्रोत, आदिको ज्यादै ठूलो वैज्ञानिक तथा व्यापारिक महत्व र सम्भाव्यता रहे पनि यस सम्बन्धमा स्पष्ट छाता नीति र कानुनको अभाव रहेकाले भविष्यमा कुन सिद्धान्त र मान्यताका आधारमा नीति एवम् कानुन बन्नुपर्छ भनी स्पष्ट रूपमा निर्देश गर्न संविधानमा यससम्बन्धी व्यवस्था हुनु आवश्यक छ ।
- जैविक विविधताको संरक्षणको महत्व विश्वमा अहिले बढिरहेको छ । नेपालको सन्दर्भमा यसको संरक्षणमा आदिवासी जनजाति, कृषक तथा स्थानीय समुदायको विशेष भूमिका रहेको र जैविक तथा आनुवंशिक स्रोतको व्यापारिक प्रयोगबाट प्राप्त हुने लाभबाट यी समुदाय नै बढी लाभान्वित हुने भएकाले यससम्बन्धी स्पष्ट संवैधानिक व्यवस्था गर्नु जरूरी छ ।

## थप जानकारी र प्रतिक्रियाका लागि


सावती (South Asia Watch on Trade, Economics & Environment–SAWTEE)
पो.ब.नं. १९३६६, २५४ लामटाङ्गिन मार्ग, बालुवाटार, काठमाडौं
फोनः ४४१५८२४, ४४४४४३८, फ्याक्सः ४४४४५७०
ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org


साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ ।


ली-बर्ड (Local Initiatives for Biodiversity, Research and Development–LI-BIRD)
पो.ब.नं. ३२४, गैह्रापाटन, पोखरा
फोनः ६१-५३५३५७, ५२६८३४, फ्याक्सः ६१-५३९९५६
ईमेलः info@libird.org, वेबः www.libird.org


वि.सं. २०५२ मा स्थापित जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) एक गैर-सरकारी संस्था हो । प्राकृतिक स्रोत, जैविक विविधता र पर्यावरणीय सेवाहरूको अनुसन्धान तथा विकासमा सहकार्य र सहभागितामूलक प्रणालीहरूको अवलम्बनबाट अवसरहरूको सिर्जना गरी गरीब तथा सिमान्तकृत वर्गको जीवनस्तर सुधार गर्दै गरिबी निवारण र सामाजिक न्यायको सुधारमा टेवा पुऱ्याउनु ली-बर्डको मूल उद्देश्य हो । कृषक, कृषक समुदाय तथा समुदायमा आधारित संघ-संस्थादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा नेपालका विभिन्न जिल्लामा यो संस्था कार्यरत छ ।

कपिराइटः सावती र ली-बर्ड, २०६६, लेखकः दिनमणी पोखरेल, सज्जाः इफेक्ट, मुद्रकः जगदम्बा प्रेस ।
यो बहसपत्र IDRC Canada को सहयोगमा सावती र ली-बर्डको संयुक्त पहलमा संचालित तीनवर्षे परियोजना Promoting Innovative Mechanisms for Implementing Farmers' Rights through Fair Access to Genetic Resources and Benefit Sharing Regime in Nepal अन्तर्गत प्रकाशन गरिएको हो ।
यसमा प्रकाशित विचार तथा मान्यता लेखककै हुन्, सावती र ली-बर्डका नहुन पनि सक्छन् ।